।।श्री।।

# मोरङ जिल्ला अदालत

विराटनगर

तहसिल शाखा

पत्र संख्या :२०७९/०८०
चलानी नं. : ३५

Website(Central):www.supremecourt.gov.np
Email :tahasil.dcmorang@supremecourt.gov.np

मितिः २०७९।४।६

सूचना!! सूचना!! सूचना!!

## विषयः- वार्ताद्वारा गरिने लिलाम सम्बन्धी सूचना ।

यस अदालतमा विभिन्न मुद्दाहरूमा दशीको रुपमा प्राप्त भई जिन्सीमा आम्दानी बाँधिएका सवारी साधनहरूमध्ये तपशिलमा उल्लिखित सवारी साधनहरू (मोटरसाइकल, अटो) जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२(५) बमोजिम डाक लिलामको लागि मिति २०७९।३।१३ मा प्रकाशित १५ दिने सूचनामा, ऐ.नियमावलीको नियम ९२(१०) बमोजिम मिति २०७९।३।३० मा पुनः ७(सात) दिने सूचना प्रकाशित गरिएकोमा उक्त सूचनामा समेत कसैको पनि दरखास्त पर्न नआएको हुँदा यस अदालतबाट मिति २०७९।४।५ मा भएको आदेशानुसार वार्ताद्वारा कायम हुने मूल्यमा मिति २०७९।४।१२ गते बुधवार ४:०० बजे सिधै विक्री गरिने हुँदा तपसिलमा उल्लिखित शर्तहरूको अधिनमा रही वार्ताद्वारा खरिद गर्न इच्छुक महानुभावहरूले म्याद भित्र दरखास्त दिनु होला ।

<u>तपसिल</u>

| सि.नं. | सवारी साधन नं. | मोडल | इन्जिन नं. | चेसिस नं. | बनेको साल | सवारी साधनको किसिम | कायम गरिएको रकम मुल्य |
|---|---|---|---|---|---|---|---|
| १. | को ३४ प २६७ | APRILLA | BY0162FMJ-42F750083 | LBMETX103F1001029 | २०१७ | मो.सा. | ३९०४०।०० |
| २. | प्र१-०२-०४० प ५०२७ | HAYATE SUZUKI | AEA1-128955 | MB8NE44ACK8113481 | २०१९ | मो.सा. | ६९१२०।०० |
| ३. | को १ ह ७१११ | TVs Kings | OK41G4066940 | MD6H14PKOG4149815 | २०१७ | अटो | १०५३७३।४४ |
| ४. | को २ ह ६७३३ | TVs Kings | AK4G14888279 | MD6M14PA8J4174217 | २०१९ | अटो | १८१०३०।०८ |
| ५. | को २ ह ४२४१ | Bajaj RE | AZYWJF61551 | MD2A2513YXJWF15145 | २०१८ | अटो | १३५७०६।६९ |
| ६. | को २ ह ७२४१ | ATUL | VAR1902443 | MCG36P3PBD1947402 | २०१९ | अटो | १७४४९७।७९ |
| ७. | को २ ह ३९६८ | TVs Kings | AK4HJ4569403 | MD6M14PA094H58989 | २०१८ | अटो | १३८२७०।४६ |
| ८. | को २ ह ३७२९ | Bajaj RE | AZYWJE50822 | MD2A25BY3JWE13137 | २०१८ | अटो | १३८२७०।४६ |
| | जम्मा ( नौ लाख एकासी हजार तीन सय नौं रूपैंया चौवन्न पैसा मात्र ) | | | | | | ९८१३०९।५४ |

## शर्तहरू

१. वार्ताद्वारा खरिद गर्न इच्छुक महानुभावले यो सूचना प्रकाशित भएको मिति २०७९।४।६ गते देखि मिति २०७९।४।१२ गतेसम्ममा दिनको ४:०० बजे भित्र निवेदन दिनु पर्नेछ । उक्त दिन दिनको ४:०० बजे माथि सूचनामा उल्लिखित सवारी साधनहरू वार्ताद्वारा बिक्री गरिने छ ।

२. सूचनामा उल्लेख भएका सवारी साधनहरूको कायम भएको मूल्यमा २५ प्रतिशत भन्दा कम मूल्य कायम गरिने छैन ।

३. वार्ताद्वारा खरिदकर्ताले कायम भएको मूल्यको १० प्रतिशत रकम सोही दिन यस अदालतमा धरौटीमा जम्मा गर्नु पर्ने छ । बाँकी ९० प्रतिशत रकम ७ दिनभित्र धरौटी खातामा जम्मा गरी उक्त सवारी साधन जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लगिसक्नु पर्नेछ।

४. सूचनामा उल्लिखित कुनै सवारी साधनहरू (मोटरसाइकल, अटो) सवारी धनीले फिर्ता लगेमा बाँकी रहेका सवारी साधनहरूको मात्र वार्ताद्वारा लिलाम गरिनेछ ।

५. यातायात व्यवस्था कार्यालय सवारी इटहरी, सुनसरीको पत्रबाट खुलि आएको दर्ता शुल्क, कर, नविकरण, जरिवाना बोलपत्र खरिद कर्ता स्वयंले व्यहोर्नु पर्नेछ ।

६. लिलाम हुने सवारी साधनहरू प्रचलित कानून बमोजिम नेपाल सरकारको नीति विपरित नहुने गरी प्रयोग गर्न पाईनेछ।

७. लिलाम हुने सवारी साधनहरू हेर्न चाहने व्यक्तिले यस अदालतको तहसिल शाखामा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।

८. लिलाम सकार गराउने नगराउने अन्तिम अधिकार यस अदालतलाई हुनेछ।

९. यस सम्बन्धी थप कुराहरू बुझ्न परेमा कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।

.....................

(सन्तोष पोखरेल)

तहसिलदार

शाखा अधिकृत